## विद्यालय अनुमति, तह तथा कक्षा थप सम्बन्धी सूचना ।

शैक्षिक सत्र २०७५ मा काठमाडौं महानगरपालिका भित्र विद्यालय सञ्चालन अनुमति लिन चाहने र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा तथा तह थप (कक्षा ११ र १२ को हकमा विषय थप समेत) गर्न तपसिल बमोजिमका कागजात सहित २०७४ माघ मसान्त भित्र काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा विभाग बबरमहलमा कामपा शिक्षा विभागले तोकेको ढाँचामा निवेदन पेश गर्न सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

१. शैक्षिक गुठीको विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी (प्र.प.निस्सा सहित) ।

२. जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्ष सम्मको लागि घर वा जग्गा धनीले वहालमा दिने सम्बन्धमा भएको कवुलियतनामा पत्रको प्रमाणित प्रतिलिपी, आफ्नो घर भए जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपी ।

३. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्शा (निवेदन फारामको पेज नं.३ को अन्तिम वुँदामा संलग्न गर्नुपर्ने) ।

४. सम्बन्धित वडा शिक्षा समिति वा वडाको सक्कलै सहमति पत्र ।

५. तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रमाणित प्रतिलिपी ।

६. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र ।

७. विद्यालयले विद्यार्थीसँग लिने शुल्क विवरण ।

८. सम्बन्धित निकायले शुल्क प्रस्ताव समर्थन गरेको पत्रको प्रमाणित प्रतिलिपी ।

९. विद्यालयले पठन-पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्वारा सूचिकृत पाठ्यपुस्तकको विवरण ।

१०. छात्रवृत्ति प्रदान गरेको वि.व्य.स.को निर्णय सहितको छात्रवृत्ति पाउने विद्यार्थीको सूची ।

११. शिक्षक नियुक्तिपत्र र निजहरुको नागरिकता, योग्यताका प्रमाणपत्र, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी ।

१२. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा शर्त सम्बन्धी विनियमावलीको छायाँ प्रति ।

१३. संस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी तथा Biodata ।

१४. आयकर दर्ता (स्थायी लेखा नं.) र कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपी (तह कक्षा अपग्रेडका लागि मात्र) ।

१५. आ.व.२०७३।७४ को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी ।

१६. शिक्षा नियमावली २०५९ (संशोधन समेत) को अनुसूची ३ मा उल्लेखित पूर्वाधारहरु पूरा भएको पुष्टि हुने कागजपत्रहरु ।

१७. विद्यालयको अनुमति, तह वा कक्षा थप के माग गर्ने हो सो सम्बन्धमा गरिएको वि.व्य.स.को निर्णयको प्रमाणित प्रतिलिपी । (वि.व्य.स. शिक्षा ऐन २०२८(संशोधन सहित) को दफा १२ मा व्यवस्था भए बमोजिम गठन हुनुपर्ने)

१८. सम्बन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षकको निरीक्षण प्रतिवेदन ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा विभाग,बबरमहल ।